# अमेरिकी पुनर्स्थापना कार्यक्रमसम्बन्धमा केही तथ्यहरु

(अप्रिल, २००७)

- नेपालमा रहेका भुटानी शरणार्थीहरुलाई तेश्रो देशमा पुनर्स्थापित गराउने कुरामा नेपाल सरकार सहमत भइसकेको छ । यस सम्बन्धमा अमेरिकी सरकारले शरणार्थीहरुको आफ्नो देशमा फिर्ता हुन पाउने अधिकारको पक्षमा वकालात निरन्तर राख्नेछ भन्ने कुरामा समझदारी भएको छ ।

- विश्वभरका शरणार्थी र विस्थापितहरुलाई सहयोग पुर्‍याउने प्रयासहरुमध्ये अमेरिकी पुनर्स्थापना कार्यक्रम एक हो । हाम्रो उद्देश्य मानवीय मात्रै हो ।

- संयुक्त राज्य अमेरिकाले शरणार्थीसम्बन्धी राष्टसंघीय उच्चायोग (यु.एन.एच.सी.आर) तथा आश्रयदाता देशहरुसँग समन्वय गरेर स्वदेश फर्कन नपाउनेहरुलाई पुनर्स्थापित गराउने काम गर्दछ । हुनत शरणार्थीहरुले पुनर्स्थापनामा रुचि देखाउन सक्छन्, तर यो नै उपयुक्त उपाय हो भन्ने निर्धारण गर्ने काम यु.एन.एच.सी.आर. को हो । साथै कुन देशमा पुनर्स्थापना गराउने भन्ने निर्धारण गर्ने काम पनि यु.एन.एच.सी.आर. ले गर्छ । पुनर्स्थापना गराउने देशले पनि कुन शरणार्थी आफ्नो पुनर्स्थापना कार्यक्रममा योग्य छन् भन्ने निर्धारण गर्दछ ।

- शरणार्थीको रुपमा अमेरिकामा प्रवेश दिने बेलामा उनीहरुलाई पुनर्स्थापनाको कति आवश्यकता छ भन्ने हेरिन्छ, उनीहरुको शिक्षा वा कार्यदक्षता हेरिँदैन । पुनर्स्थापनाका लागि गरिएको कुनै पनि आवेदन स्वीकृत हुने पक्का हुँदैन । आप्रवाससम्बन्धी अमेरिकी अधिकारीहरुले हरेक आवेदकको छुट्टाछुट्टै अन्तर्वार्ता लिन्छन् ।

- हाम्रो पुनर्स्थापना कार्यक्रम सबैखाले शरणार्थीहरुका लागि हो, चाहे उनीहरु सबलाङ्ग हुन् वा अपाङ्ग, स्वस्थ हुन वा रोगी, बुढा हुन् वा तन्नेरी । अमेरिकामा पुनर्स्थापित गर्नु सबै भुटानी शरणार्थीका लागि समाधानको उपाय हो भन्ने हामी ठान्दैनौं । हामी अमेरिकामा स्वैच्छिक रुपले पुनर्स्थापित हुन चाहने शरणार्थीहरुलाई मात्र ध्यान दिन्छौं ।

- पुनर्स्थापनाको इच्छा प्रकट गर्ने सबै भुटानी शरणार्थीहरुलाई पुनर्स्थापना गराउनेतर्फ विचार गर्न अमेरिका प्रतिबद्ध छ । हामी तत्कालै अन्तर्वार्ता शुरु गर्न तयार छैनौं । तैपनि पुनर्स्थापनाको सम्पूर्ण प्रक्रियामा समय लाग्छ भन्ने बुझ्नु जरुरी छ । अन्तर्वार्ता भइसकेपछि पनि अमेरिका जान छ महिना वा सोभन्दा बढी समय लाग्नसक्छ । अमेरिकी पुनर्स्थापना कार्यक्रम शुरु भइसकेपछि कति भुटानी शरणार्थी अमेरिका जान इच्छुक हुन्छन्, सोअनुसार यो कार्यक्रम कम्तीमा आगामी पाँच वर्षसम्म चल्नेछ ।

- अमेरिकी पुनर्स्थापना कार्यक्रममा छनौट भएका परिवारहरुलाई सँगसँगै राखिन्छ । पुनर्स्थापनाको प्रक्रियामा आवेदकहरुलाई सोधेर अन्य नातेदारहरु भए या त सँगसँगै या नजिकैको शहरमा बसोबास गराइन्छ । उनीहरुलाई अमेरिकाका विभिन्न शहरी र ग्रामीण दुवै क्षेत्रमा बसोबास गराउन सकिनेछ ।

- छनौट भएका शरणार्थीहरुलाई अमेरिका जानुअघि अमेरिकी समाज तथा संस्कृतिका बारेमा कक्षा दिइनेछ । उनीहरुको स्वास्थ्य परीक्षण पनि गरिन्छ र केही सरुवा रोग (जस्तै टिबी) भए त्यसको उपचार गरेर पठाइनेछ ।

- अमेरिका पुग्ने प्रत्येक शरणार्थीलाई प्रारम्भिक रुपमा कुनै गैरसरकारी संस्थाले आवास, फर्निचर, खाना तथा लत्ताकपडा उपलब्ध गराउँछ । यी संस्थाहरुले ती शरणार्थीलाई जागिर खोज्न, अंग्रेजी भाषाको कक्षा लिन तथा उनीहरुका केटाकेटीलाई स्कूल भर्ना गराउन सहयोग गर्दछन् । शरणार्थीहरुले अमेरिका पुगेपछि केही समयको लागि सरकारबाट पैसा तथा स्थास्थ्य सेवा पनि पाउँछन् । तर उनीहरुले चाँडै काम खोजेर आफ्नो र परिवारको जीविकाको व्यवस्था गर्नुपर्नेछ ।

- अमेरिकामा एक वर्ष बिताइसकेपछि शरणार्थीहरुले स्थायी बसोबासको लागि र पाँच वर्ष बिताइसकेपछि अमेरिकी नागरिकताका लागि आवेदन दिन सक्छन् । पुनर्स्थापित शरणार्थीहरुले विदेश भ्रमण गर्न सक्नेछन् र परिस्थिति अनुकुल भएमा भुटानको पनि भ्रमण गर्न सक्नेछन् ।

- पुनर्स्थापना कार्यक्रमका लागि शिफारिस भएका आवेदकहरुबाट कुनै पनि शुल्क लिइने छैन । साथै यो कार्यक्रममा गरिने आवेदन स्वैच्छिक हो ।

- यससम्बन्धी थप जानकारी शरणार्थी समुदायलाई आगामी दिनहरुमा उपलब्ध गराइनेछ ।

(यी तथ्यहरु नेपाल सरकारको जानकारीमा ल्याइएका छन् ।)